प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप परीक्षण: विगत, वर्तमान र भावी कार्यदिशा

रेणुका अधिकारी

लेखक शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा कार्यरत शाखा अधिकृत हुनुहुन्छ । यस लेखकका बारेमा थप केही कुरा बुझ्नु परेमा निजको ठेगानामा पत्राचार गर्न सकिनेछ । Email: nepalrenuka1@yahoo.com

लेखसार

प्रारम्भिक कक्षा (१-३) भनेको सिकाइको आधार हो । यतिबेलाको सिकाइले भविष्यको सिकाइलाई निर्देशित गरेको हुन्छ । त्यसकारण प्रारम्भिक कक्षामा बालबालिकाको सिकाइमा सुधार ल्याउन लगानी गर्ने प्रचलन पनि बढेको पाइन्छ । ती लगानीलाई यथार्थपरक बनाउन र बालबालिकाको सिकाइमा आवश्यक सुधार गर्ने उद्देश्यले नियमित रूपमा विद्यार्थी उपलब्धि परीक्षण सञ्चालन हुँदै आएका पनि छन् । त्यसै गरी कक्षाकोठामा सिकाइ सुधार गर्ने अभिप्रायबाट विभिन्न प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यबाट आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा EGRA, EGMA, CB-EGRA, NARN जस्ता परीक्षणहरू शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सञ्चालन हुँदै आएका छन् । यस प्रकारका परीक्षणका नतिजाले विद्यार्थीहरूको पर्याप्त सिकाइ सुनिश्चित गर्न र शिक्षण सिकाइमा सुधार ल्याउँछ भन्ने विश्वास गरिन्छ । यो लेख शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गर्ने प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण कार्यमा प्राप्त गरेको अनुभवमा आधारित छ । यस केन्द्रले सञ्चालन गर्ने विभिन्न विषयका सिकाइ उपलब्धि परीक्षणहरुमध्ये प्रारम्भिक कक्षा (१-३) का बालबालिकाको पढाइ र गणितीय सिपसँग सम्बन्धित परीक्षणमा यो लेख केन्द्रित छ । यस लेखमा परीक्षणका विधि, कार्यढाँचा, प्रक्रिया, ग्रीड, आधारसूचकका साथै भावी कार्यदिशा जस्ता पक्षहरू समावेश गरिएका छन् । प्रारम्भिक कक्षामा गरिने परीक्षण अभ्यासको समीक्षा गर्ने र भावी दिनमा आधुनिक परीक्षण प्रणालीमा सुधार गर्न स्पष्ट अनुभवसिद्ध मार्गचित्र प्रस्तुत गर्ने उदेश्यले यो आलेख तयार पारिएको छ । समग्रमा यो लेख पूर्ण रुपमा अनुभवमा आधारित छ ।

मुख्य शब्दावली: प्रारम्भिक कक्षा, पढाइ सिप, गणितीय सिप, परीक्षण, आधारसूचक, कार्यढाँचा

सन्दर्भ

प्रारम्भिक कक्षा भन्नाले कक्षा (१-३) लाई बुझिन्छ । यी कक्षाका बालबालिकाहरूको पढाइ तथा गणितीय क्षमता कमजोर हुँदा त्यसको प्रभाव माथिल्लो तहको सिकाइमा देखिने भएकाले प्रारम्भिक कक्षाहरूमा पढाइ तथा गणितीय सिप नसिकी नहुने सिप भित्र पर्छ । त्यसकारण नेपाल सरकारले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (सन् २०१४।१५-२०१९।२०) को अनुभव समेतका आधारमा USAID Early Grade Learning कार्यक्रम सन् २०२३।२४ देखि ५ वर्ष सम्मका लागि सञ्चालन गरिरहेको छ । यस कार्यक्रमको लक्ष्य प्रारम्भिक कक्षाका बालबालिकाहरूको सिकाइमा केन्द्रित भइ शिक्षाको गुणस्तर सुधार गर्नु रहेको छ । USAID Early Grade Learning कार्यक्रमको प्रमुख उद्देश्य कक्षा १ देखि ३ सम्मका विद्यार्थीको पढाइ तथा गणितीय सिप विकास गर्नु हो । प्रारम्भिक कक्षा पढाइको कुरा गर्दा कक्षा ३ सम्म पढ्नका लागि सिक्ने (Learning to read) समय भनिएको छ भने कक्षा ३ भन्दा माथिको कक्षामा सिक्नका लागि पढ्ने (Reading to learn) समय भन्ने गरिएको छ । त्यसकारण पनि प्रारम्भिक कक्षामा सामान्य गणितीय सिपका साथसाथै छिटो र सुद्धसँग पढ्ने क्षमताको विकास हुन जरूरी छ ।

प्रारम्भिक कक्षाको पढाइ केहि हदसम्म यान्त्रिक पढाइ हुन सक्ने भएता पनि विस्तारै विस्तारै सुझबुझयुक्त पढाइ तर्फ नै लैजाने उद्देश्य लिनुपर्छ। (Parajuli, 2022)

यस लेखमा प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण कार्यक्रमको आवश्यकता, तौर तरिका एवम् प्रक्रियाको बारेमा जानकारी दिन खोजिएको छ। यस लेखबाट प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप तथा यसको परीक्षणको आवश्यकता, अवधारणा तथा प्रक्रियाका सम्बन्धमा आवश्यक जानकारी प्राप्त भइ प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप विकास गर्न सक्ने कार्यक्रम तर्जुमा गर्न सहजता र प्रभावकारिता कायम गर्न सहयोग पुग्ने पनि अपेक्षा गरिएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गर्ने विभिन्न कार्यक्रमहरू मध्ये प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ तथा गणितीय सिप परीक्षण गर्न साधन तथा कार्यढाँचा विकास गर्ने, साधन तथा कार्यढाँचालाई विज्ञहरूको सुझाव एवम् पृष्ठपोषणको आधारमा स्वीकृत गरी Item Bank बनाउने काम गर्छ। यसै Item Bank का परीक्षण साधनहरूबाट प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ तथा गणितीय सिप परीक्षण गरिन्छ। यस प्रकारका परीक्षणहरूले प्रमाणका आधारित सूचना नीति निर्माता, योजनाकार, यस क्षेत्रका प्राविधिकहरू तथा सरोकारवालाहरूलाई प्रदान गर्छ। यस केन्द्रले स्थापना काल देखि नै यस किसिमको कार्यलाई महत्व दिँदै आएको छ। यसरी गरिने परीक्षणबाट प्राप्त तथ्याङ्क र जानकारीहरू विश्लेषण गरी कि त केन्द्र आफैले कित आफ्नो नेतृत्वमा विकास साझेदारहरू मार्फत् प्रतिवेदन सार्वजनिकीकरण पनि गर्दै आएको छ। प्रणालीमा कस्तो पक्षले काम गर्यो वा गरेन तथा पाठ्यक्रमले अपेक्षा गरेअनुसार प्रारम्भिक कक्षा समूहका बालबालिकाहरूले कस्तो सिकाइ हासिल गरे भन्ने प्रश्नका बारेमा तिन ओटै तहका सरकारमा रहेका नीति निर्मातालाई तथ्यपरक प्रमाण तथा जानकारी गराउन पनि यस प्रकारका परीक्षणलाई प्रयोग गरिन्छ (ISSN, 2976-1182 print)। हाल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले अनुमोदन गरेको USAID Early Grade Learning कार्यक्रमले पनि आफ्नो पाँच वर्षे कार्यक्रमको सुरूवाती चरणमा Baseline Survey गर्दादेखि नै प्रारम्भिक कक्षामा पढाइ र गणितीय सिप परीक्षणमा जोड दिएको र सो परीक्षणबाट प्राप्त नतिजाका आधारमा यी कक्षाहरूमा थप सहायता प्रदान गर्न जोड दिएको छ। (Parajuli and Sapkota, 2022)

प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप परीक्षण

तोकिएको पाठ्यक्रममा आधारित भई निश्चित कक्षा वा तहको अन्तमा खासगरी भाषा, साक्षरता, गणित, विज्ञान जस्ता मुख्य विषयमा विद्यार्थीले हासिल गरेको सिकाइस्तरको मापन (Assessment of Learning) गर्ने काम शैक्षिक परीक्षणमा गरिन्छ। राष्ट्रियस्तरमा गरिने विद्यार्थी उपलब्धि परीक्षण (National Assessment of Students Achievement-NASA) मा देशभरका विविध पृष्ठभूमिका विद्यार्थीको प्रतिनिधित्व हुने गरी नमुना (Sample) का रूपमा छनोट गरेर परीक्षण सञ्चालन गरिन्छ। यस्तो परीक्षणलाई ठुलो आकारको परीक्षण (Large -scale Assessment) भनिन्छ। कुनै कुनै देशमा निश्चित कक्षाका सबै विद्यार्थीलाई पनि यस्तो परीक्षण गर्ने गरिन्छ (France, Chile, etc.) तर यस्तो कुरा अपवाद नै मान्नुपर्ने हुन्छ।

प्रारम्भिक कक्षाहरूमा पनि पढाइ तथा गणितीय सिप सम्बन्धि सामर्थ्य हुन जरूरी हुन्छ। विभिन्न मुलुकहरूले पनि पढाइस्तर कमजोर रहनाले गुणस्तर र सिकाइमा पछि परेको तथ्य प्रकाशित गरेका छन्। जस्तै विश्वमा न्युन आय भएका देशहरूका बालबालिकाहरूमा पढाइ सिप विकास गर्न सकिएको अवस्थामा १७१ मिलियन अर्थात् १७ करोड १० लाख मानिसहरूले गरिबीबाट मुक्ति पाउँछन्। यसले विश्वको सम्पूर्ण गरिबीको १२ प्रतिशत प्रतिनिधित्व गर्दछ (Global Monitoring Report, 2012)। नेपालमा पनि प्रारम्भिक कक्षामा पढाइ सिपमा विद्यार्थीहरू धैरै नै कमजोर छन् भन्ने कुरा Research Traingle Institute RTI ले २०१४ मा गरेको परीक्षणबाट देखिएको छ।

प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप परीक्षणको उदेश्य

नेपालको सन्दर्भमा प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप परीक्षण गर्नुको विशिष्ट उदेश्य देहायअनुसार रहेको पाइन्छ :

(क) राष्ट्रियस्तरमा प्रारम्भिक कक्षाका विद्यार्थीको उपलब्धि (National Achievement) स्तर पहिचान गर्ने,

(ख) सिकाइ उपलब्धिमा प्रभाव पार्ने सामाजिक आर्थिक तत्वहरू (Socio Economic Factors) खोजी गर्ने,

(ग) समयको अन्तरालमा प्रारम्भिक कक्षाको सिकाइ उपलब्धिको प्रवृति एवम् परिवर्तनको तुलनात्मक विश्लेषण (Temporal Analysis) गर्ने ।

यस्तो परीक्षणको अभ्यासबाट प्रारम्भिक कक्षाको शैक्षिक प्रणालीमा निश्चित लक्ष्य प्राप्त हुने पनि अपेक्षा गरिन्छ ।

(क) प्रारम्भिक कक्षामा लगानीको मुल्य (Value for Money) स्तापित हुने,

(ख) प्रारम्भिक कक्षाका बालबालिकाको सिकाइ उपलब्धिका लागि जवाफदेहिता (Accountability) वृद्धि हुने,

(ग) प्रारम्भिक कक्षाको शिक्षण सिकाइ प्रक्रिया सुधारमा स्वस्थ्य नैतिक दबाव (Moral Pressure) सिर्जना हुने ।

प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण प्रणालीसम्बन्धी विश्वव्यापी अभ्यास

तालिका १

विश्वमा विद्यमान केही पठन तथा गणितीय सिप परीक्षण

परीक्षण		**परीक्षणका क्षेत्र**
PISA		Reading, Mathematics and Science 15 years children
PIRLS		Reading literacy study 4th grade children
EGRA		Early Grade Reading Assessment
GALA		Early grade Reading (Group administered of literacy assessment)
	नेपालको अभ्यास	
CB-EGRA		Classroom Based Early Grade Reading Assessment (group) नेपालमा नै विकास गरी कक्षा १,२ र ३ मा प्रयोग गरिरहेको
NARN		National Assessment for Reading and Numeracy नेपालमानै विकास गरी कक्षा ३ मा प्रयोग गरिएको

स्रोत: प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा २०८१

त्यति मात्र नभई भारतमा National Council of Educational Research and Training (NCERT) नामको संस्थाले उपलब्धि परीक्षणको काम गरेको छ । त्यसै गरी Organization for Economic Cooperation and Development (OECD) बाट व्यवस्थापन गरिने PISA अध्ययनको थालनी सन २००० बाट विभिन्न देशले सञ्चालन गर्न थालेका छन् । यस परीक्षणमा तीन वर्ष अवधिमा कक्षा ९ वा १० का १५ वर्ष उमेर समूहका विद्यार्थीका

लागि खासगरी गणित विज्ञान र भाषा विषयमा यो परीक्षण सञ्चालन गरिन्छ । अर्को परीक्षण PERL अन्तर्गत पनि धेरै अमेरिकी देशहरूले भाषा र साक्षरता सिपको परीक्षण गर्न सहभागी भएको पाइन्छ ।

नेपालमा पनि सन् २०११ देखि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण कार्यको व्यवस्थित र संस्थागत अभ्यास प्रारम्भ गरेको पाइन्छ । त्यस उप्रान्त हालसम्मको १४ वर्षको अवधिमा कक्षा ३, ५, ८ र १० गरी जम्मा ४ ओटा कक्षामा १३ ओटा परीक्षण सम्पन्न गरेको छ । यसै अवधिमा प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण पनि ५ ओटा सम्पन्न गरेको छ । साथै प्रारम्भिक कक्षा (Early Grades) का विद्यार्थीको भाषिक सिप (Reading) परीक्षण पनि यस केन्द्रको अगुवाइमा भएको पाइन्छ । त्यतिमात्र नभै प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको पनि Baseline, Midline र Endline survey गर्ने कार्यमा साधन बनाउने, फ्रेमवर्क बनाउने, साधन परीक्षण गर्ने, तथ्याङ्क सङ्कलन तथा विश्लेषण साथै प्रतिवेदन तयारी सम्बन्धि कार्यमा यस केन्द्रले नेतृत्व प्रदान गरेको थियो । यसरी हेर्दा विद्यार्थी उपलब्धि परीक्षणका अभ्यास विश्वलगायत नेपालमा धेरै भएको पाइन्छ ।

नेपालले NASA, EGRA, CB-EGRA जस्ता परीक्षणहरूबाट प्राप्त अनुभवका आधारमा प्रारम्भिक कक्षामा पढाइ र गणितीय सिप परीक्षण गर्न सकिने उपयुक्त विधि र प्रक्रियालाई थप परिष्कृत गर्दै जानुपर्ने देखिन्छ । प्रारम्भिक कक्षाहरूमा बालबालिकाको पठन र गणितीय सिप परीक्षण गर्नका लागि उपयुक्त प्रक्रिया र साधन विकास र परिमार्जन गर्न एक व्यवस्थित परीक्षण ढाँचा विकास गरी उक्त ढाँचाका आधारमा परीक्षण साधन विकास गर्न अत्यावश्यक हुन्छ । यस सन्दर्भमा यस केन्द्रले परीक्षण कार्यका सङ्लग्न विज्ञ, शिक्षक तथा अन्य सम्बन्धित सरोकारवालासँग छलफल तथा कार्यशालाहरू सञ्चालन गरी प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा तयार पारेको छ ।

प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सिप परीक्षणको आवश्यकता

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ५, ८ र १० मा र कक्षा ३ मा सन् २०२० मा NARN परीक्षण पनि सम्पन्न गरिसकेको छ । यस NASA र NARN अध्ययनका प्रमुख उद्देश्यहरूमा राष्ट्रिय पाठ्यक्रमका सिकाइ उपलब्धिका आधारमा विद्यार्थीहरूको सिकाइस्तर पहिचान गर्नु, ती सिकाइ परीक्षणको भरपर्दो तथ्याङ्क सिर्जना गर्नु, समयसँगै प्रगति अनुगमन गर्नको लागि पहिलेका उपलब्धिहरूसँग तुलना गर्नु र विद्यार्थीहरूको सिकाइस्तर सुधार गर्न नीति निर्माणका लागि सिफारिसहरू गर्नु थियो (ERO, 2015; ERO, 2020) ।

प्रारम्भिक कक्षामा हासिल गरेको साक्षरता सिप माथिल्लो कक्षाको सिकाइका लागि महत्त्वपूर्ण आधार मानिन्छ । त्यसैले NASA पाठ्यक्रममा उल्लेख भएका सिकाइ उपलब्धिहरूमा आधारित छ, तर पठन सिप र गणितीय सिपको लागि आवश्यक पर्ने विशेष सिपहरूमा आधारित छैन । त्यसकारण प्रारम्भिक कक्षाहरूमा पढाइ तथा गणितीय सिप परीक्षण नितान्त आवश्यक देखिन्छ । पढाइ तथा गणितीय सिप परीक्षण वैयक्तिक र सामूहिक गरी दुई किसिमले गर्न सकिन्छ । EGRA ले विद्यार्थीहरूलाई वैयक्तिक विधिबाट परीक्षण गर्दछ भने CB-EGRA मा विद्यार्थीहरूलाई सामूहिक विधिबाट परीक्षण गरिन्छ, जसलाई समूहमा आधारित साक्षरता परीक्षण (Group Administered Literacy Assessment - GALA) पनि भनिन्छ । तथापि यी दुवै परीक्षण विधिबाट पठन सिप परीक्षण गर्न सकिन्छ । यस भन्दा अगाडि समुहमा परीक्षण गरिने पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN-2020) बाहेक गणित साक्षरताको परीक्षण गर्ने खालको कुनै कार्यक्रम हुन सकेको छैन । यसैले प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन तथा गणितीय सिप दुवैको परीक्षण कक्षा २ र ३ का ७ वा ८ वर्षका विद्यार्थीहरूको गर्ने गरी यस केन्द्रले अगुवाइ गरेको छ (शैगुपके, २०८१) ।

पढाइ सिप विकासका लागि बालबालिकाको पढाइ सिप परीक्षण गरी प्राप्त नतिजाका आधारमा पढाइसँग सम्बन्धित विभिन्न क्रियाकलापको माध्यमबाट पढाइ सिप तथा बुझाइमा सुधार ल्याउनु आवश्यक हुन्छ (August and

Shanahan, 2006) र यसका लागि आधारभूत साक्षरताका सिपहरू पहिचान गर्ने र बालबालिकाका सिकाइ शैली तथा कठिनाइहरू पत्ता लगाई सुधारका उपायहरू अवलम्बन गर्नु जरुरी हुन्छ। गणितीय सिप विकासका लागि बालबालिकालाई गणितसँग सम्बन्धित विशेष प्रकारका क्रियाहरूसँग समेत परिचित गराउनुपर्छ (Nunes & Bryant, 1996; Saxe, 1991)। त्यसकारण प्रारम्भिक कक्षा मा पढाइ तथा गणितीय सिप परीक्षण महत्वपूर्ण मानिन्छ।

प्रारम्भिक कक्षाका परीक्षणका प्रकार

हालसम्म नेपालमा प्रारम्भिक कक्षाका बालबालिकाको सिकाइ अवस्थाको परीक्षण गर्न तीन किसिमका परीक्षण साधन प्रयोग गरिदै आइएको छ।

(क) प्रारम्भिक कक्षा पठन सिप परीक्षण (EGRA)

(ख) कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण (CB-EGRA)

(ग) प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण (EGMA)

(घ) पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN)

EGRA, CB-EGRA, EGMA र NARN परीक्षणका उदेश्य

प्रारम्भिक कक्षा (१-३) बालबालिकाहरूको पठन तथा गणितय सिप परीक्षण गर्न प्रयोग गरिने EGRA, CB-EGRA, EGMA र NARN परीक्षण साधनका उद्देश्यहरू यस प्रकार छन् :

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विद्यार्थीको पठन सिप र गणितीय सिप विकास गर्नका लागि योजना तथा कार्यक्रमहरू निर्माण गर्न ,
- प्रारम्भिक कक्षा पठन र गणितीय सिपमा आधारित हुने भएकाले सोहीबमोजिम पठन र गणितीय दक्षताहरूमा परीक्षण गर्न ,
- प्रारम्भिक कक्षामा पठन सिप तथा गणितीय सिपहरू सिकाउन र मूल्याङ्कन गर्न विद्यालय र शिक्षकहरूको क्षमता विकास गर्न ,
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा साझेदार संस्थाले प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पठन सिप र गणितीय सिप सुधार गर्ने नीतिहरू तर्जुमा गर्नका लागि विद्यार्थीहरूको पठन तथा गणितीय सिपको अवस्था विश्लेषण गर्न ,
- विद्यालय, अभिभावक र स्थानीय तहले प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पठन र गणितीय सिपहरू विकास गर्ने प्रक्रियाहरूको खोजी गरी सहयोग गर्न,

परीक्षण प्रक्रिया

प्रारम्भिक कक्षा (१-३) बालबालिकाहरूको पठन तथा गणितय सिप परीक्षण गर्न दुईओटा विधिहरू प्रयोग गर्न सकिन्छ जस्तै एकजना परीक्षकले एक पटकमा एकजना विद्यार्थीलाई परीक्षण गर्ने वैयक्तिक विधि र एकजना परीक्षकले एक पटकमा बढीमा २० जना विद्यार्थीलाई समूहमा राखी परीक्षण गर्ने सामूहिक विधि। यसरी व्यक्तिगत र सामूहिक रूपमा स्तरीकृत परीक्षण साधनको प्रयोग गरी पठन तथा गणितीय सिपको परीक्षण गर्न सकिन्छ। पठन र गणितीय सिप परीक्षणको चरणहरू यसप्रकार उल्लेख गरिएको छः

चित्र १

गणितीय सिप परीक्षणको चरणहरू

परीक्षण प्रक्रिया

यसरी हेर्दा प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप परीक्षणका लागि सर्वप्रथम कार्यढाँचा (Framework) तयार गरिन्छ। त्यही कार्यढाँचाको आधारित भई शिक्षक एवम् विज्ञ कार्यशालाबाट परीक्षण साधनको मस्यौदा तयार गरिन्छ। सो साधनलाई सम्बन्धित कक्षाका बालबालिकाको परीक्षण गरी साधन परीक्षण गरिन्छ र साधनलाई अन्तिम रूप दिइन्छ। सोही साधन पुन विषय समितिमा छलफल गरी स्वीकृत भएपश्चात् पूर्व परीक्षण गरिन्छ। पूर्वपरीक्षणबाट प्राप्त पृष्ठपोषणको आधारमा प्रश्नपत्रको विश्लेषण र अन्तिमीकरण गरिन्छ। परीक्षण निर्देशन खण्ड, पृष्ठभूमि खण्ड समेतको पुनरवलोकन गरी साधनलाई अन्तिम रूप प्रदान गरिन्छ। अन्तिम रूप दिइएको परीक्षण साधनका आधारमा परीक्षकहरूको तालिम सञ्चालन गरिन्छ। तालिमप्राप्त परीक्षकहरूलाई परिचालन गरी पठन तथा गणितीय सिपको परीक्षण कार्य सञ्चालन गरिन्छ। परीक्षणको क्रममा सम्बन्धित विषय विज्ञ तथा पदाधिकारीहरूबाट नियमित अनुगमन गरी गुणस्तरको सुनिश्चितता एवम् स्थलगत सहयोग प्रदान गर्ने काम पनि गरिन्छ। परीक्षणको तथ्याङ्कलाई आवश्यक व्यवस्थापन एवम् विश्लेषण गरिन्छ। नमुनाअनुसारको खण्डीकृत औसत उपलब्धिका आधारमा तुलना, आधारसूचक (Benchmark) का आधारमा तुलना, प्रवीणताका तह (Proficiency level) अनुसारको तुलना, प्रवृत्तिको (Trend) आधारमा तुलना जस्ता आधारभूत विधिको प्रयोग गरी नतिजा प्राप्ति तथा विश्लेषण गरी प्रतिवेदन तयार गरिन्छ।

परीक्षणका विधि

प्रारम्भिक कक्षा (१-३) का बालबालिकाहरूको पठन तथा गणितय सिप परीक्षण गर्न मौखिक परीक्षण विधि सबै भन्दा उत्तम विधि भएको अध्ययनले देखाएको छ । यसलाई ध्यानमा राख्दै EGRA, EGMA जस्ता परीक्षण

मौखिक रूपमा एक एक बालबलिकालाई छुट्टाछुट्टै परीक्षण गरिन्छ भने, CB-EGRA चाहिँ शिक्षकले दिएको मौखिक निर्देशनलाई पालन गर्दै समूहमा परीक्षण गरिन्छ भने NARN मा दुवै विधि अवलम्बन गरिन्छ। यद्यपी, आवश्यकता अनुसार लेखन परीक्षण विधि पनि समावेश गर्न सकिन्छ। यसका विधिहरूलाई यसरी पनि देखाउन सकिन्छ।

तालिका २

परीक्षणका विधि, उदेश्य र प्रक्रिया

परीक्षणका विधिहरू	उदेश्य	प्रक्रिया
EGRA	१.बालबालिकाहरूको पठन सिपको अवस्था पहिचान गर्नु, २ .राष्ट्रियस्तरमा तुलनायोग्य सूचक (Comparable Indicator) तय गर्नु, ३ .बालबालिकाहरूको पठन सिप दिगो विकासका लक्ष्यमा आधारित स्तरसँग तुलना गर्नु, ४ .प्रारम्भिक कक्षाको पढाइसम्बन्धी नीति निर्माण र कार्यक्रम निर्माणका लागि आधार तयार गर्नु,	१.परीक्षण ढाँचामा निर्धारित पढाइ तत्वका आधारमा बनेका परीक्षण साधन प्रयोग गरी परीक्षण गरिने २.स्वतन्त्र रूपमा परीक्षण सञ्चालन गर्ने विद्यालय र तोकिएका कक्षाका विद्यार्थीलाई नमुना छनौट गरिने ३.स्वतन्त्र परीक्षकद्वारा एक पटकमा एक जना विद्यार्थीलाई छुट्टाछुट्टै परीक्षण गरिने ४.स्तरीकृत साधनद्वारा परीक्षण गरिने ५.परीक्षणका लागि १५ देखि २० मिनेट समय लाग्छ। ६.शुद्ध पढाइ र पढाइ गति नाप्नका लागि समयसूचक यन्त्र (Stop watch) वा ट्याबलेटमा आधारित विशेष Software मा समय हेरिने ७.विद्यार्थीको सही प्रतिक्रिया सुनेर श्रुतिबोध र पढाइबोध जस्ता कुरा नापिने।
EGMA	१.प्रारम्भिक कक्षाको गणितीय सिपमा आधारभूत सङ्ख्यात्मक दक्षताहरूको परीक्षण गर्ने, २.विद्यार्थीहरूको गणितीय सिपहरूको विद्यमान अवस्था पत्ता लगाउन, जसले प्रारम्भिक कक्षाका विद्यार्थीहरूको गणितीय सिप सुधार गर्नका लागि नीतिहरू तर्जुमा गर्न सुझाव दिने, ३.नीति तर्जुमाका लागि विद्यार्थीको गणितीय सिपको शिक्षण सिकाइ र मूल्याङ्कनमा विद्यालय र शिक्षकको क्षमता अभिवृद्धि गर्न सुझाव दिने, ४.राष्ट्रिय स्तरमा तुलनात्मक सूचकको	१.बालबालिकाको रुचिका विषयहरूको बारेमा केही सरल प्रारम्भिक कुराकानी गरी सौहार्द सम्बन्ध विकास गरेपछि मात्र परीक्षण कार्य अगाडि बढाउने, २.यदि विद्यार्थीबाट मौखिक सहमति प्राप्त नभएमा परीक्षकले विद्यार्थीलाई धन्यवाद दिएर अर्को विद्यार्थीको परीक्षण कार्य अगाडि बढाउने, ३.कक्षा २ र ३ का विद्यार्थीहरूसँग वैयक्तिक एवम् मौखिक रूपमा सञ्चालन गर्ने, ४.तालिमप्राप्त परीक्षकद्वारा परीक्षण सञ्चालन गर्ने ५.EGMA को अनुमानित परीक्षण समय १५ देखि २० मिनेटको हुने, ६.विद्यार्थीले गलत उत्तर दिएमा वा कुनै प्रश्नको उत्तर दिन असमर्थ भएमा परीक्षकले ५ सेकेन्डसम्म पर्खिएर

	विकास गर्ने ।	धन्यवाद दिँदै अर्को प्रश्नमा अगाडि बढ्ने ।
CB-EGRA	१.बालबालिकामा रहेको पठन सिपको स्तर मापन गर्नु, २.विद्यालयगत, कक्षागत, विषयगत, स्थानीय तहगत, जिल्लागत तथा प्रदेशगत रूपमा विद्यार्थीको उपलब्धिको तथ्याङ्क उपलब्ध गराउनु, ३.तथ्याङ्कलाई आधार मानी बालबालिकामा रहेको पठन सिप सुधारका लागि शिक्षाको नीति निर्माण तथा कार्यक्रम निर्माताहरूलाई कार्यक्रम तय गर्न सुझाव प्रदान गर्नु , ४.परीक्षण कार्यमा अभिभावक र विद्यालयका सरोकारवालाहरूको उपस्थिति गराइ भावी दिनमा पठन सिप सुधारका योजना तयार गर्नु	१.कक्षामा भएका सबै विद्यार्थीको एकै चरणमा परीक्षण गरिने, (एक पटकमा २० जना सम्म) २.निर्देशिकामा उल्लेख भएको प्रावधान बमोजिम परीक्षण सञ्चालन गरिने, ३.Set A र Set B गरी उस्तै कठिनाइस्तरका दुईवटा प्रश्नपत्र प्रयोग गरिने, ४.सम्बन्धित विद्यालयका विषय शिक्षकबाट नै सञ्चालन गरिने, ५.विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अभिभावकबाट अवलोकन गरिने, ६.एक पिरियड वा ४५ मिनेटभित्रमा सम्पन्न गरिने ।
NARN	१.विद्यार्थीको आधारभूत पठन सिप र गणितीय सिपको परीक्षण गरी समग्र राष्ट्रको सिकाइ अवस्थाको जानकारी लिनु, २.नीति निर्माण तथा कार्यक्रम तयार पार्नका निम्ति तथ्याङ्क उपलब्ध गर्नु, ३.अन्तर्देशीय तुलना गर्नु ।	१. नमुना छनोटमा परेका विद्यार्थीको सामूहिक परीक्षण र सामूहिक परीक्षणमा समावेश भएका मध्येबाट कम्तीमा ५ जनाको पठन प्रवाहको वैयक्तिक परीक्षण गरिने । २. विद्यार्थीको आधारभूत पठन सिप र गणितीय सिपको परीक्षण गरिने । ३ निर्देशिकामा उल्लेख भएको प्रावधानबमोजिम परीक्षण सञ्चालन गरिने ।

स्रोत : प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा २०८१

परीक्षण कार्य ढाँचा

प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण गर्ने विधिहरू EGRA, CB-EGRA र EGMA का परीक्षण ढाँचालाई यसरी पनि देखाउन सकिन्छ ।

तालिका ३

प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण (EGMA-Early Grade Mathematics Assessment)

क्र. स.	विषय क्षेत्र	उपकार्यहरू	मापन हुने सिकाइ उपलब्धिहरू
१	ज्यामिति	१.१ ज्यामितीय आकारहरुको पहिचान	ज्यामितीय आकारको पहिचान (त्रिभुज, वृत्त, वर्ग तथा चतुर्भुज) गर्न
२	सङ्ख्याको ज्ञान	२.१ सङ्ख्याको पहिचान	तीन अङ्क सम्मले बनेका सङ्ख्यालाई शब्दमा पढ्न
		२.२ सङ्ख्याको तुलना	तीन अङ्क सम्मले बनेका सङ्ख्यालाई तुलना गर्न
		२.३ सङ्ख्याको ढाँचा	दिइएको सङ्ख्याको ढाँचा पहिचान गर्न
		२.४ भिन्नको पहिचान	दिइएको छायाँ पारिएको चित्रको आधारमा भिन्नको पहिचान (आधा, एक तिहाइ र एक चौथाइ) गर्न
३	आधारभूत क्रियाहरू (शाब्दिक समस्यासहित)	३.१ जोड	दुई अङ्कसम्मले बनेका सङ्ख्याको जोड गर्न
		३.२ घटाउ	दुई अङ्कसम्मले बनेका सङ्ख्याको घटाउ गर्न
४	नाप	४.१ समयको ज्ञान	पात्रो अध्ययन गर्न (कुनै दुई कार्यहरूको बिचको समयावधी पत्ता लगाउने)
५	साधारण ग्राफ	५.१ पिक्टोग्राफ	पिक्टोग्राफबाट सूचना लिन वा दिन

स्रोत : प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा २०८१

तालिका ४

प्रारम्भिक कक्षा पठन तथा सिप परीक्षण (EGMA-Early Grade Reading Assessment)

क्र. स.	उपकार्य	विषयवस्तु (कक्षा दुई र तीन)	Descriptors	समय
१	श्रुतिबोध	सात शब्दसम्मका सरल वाक्यहरू भएका तीस शब्दको कथांश	सुनेका आधारमा सोधिएको प्रश्नको उत्तर दिन / बोध गर्न	समयको सिमा नलाग्ने
२	वर्ण पठन	दस गुणा छ को तालिकामा सबै स्वर, व्यञ्जन र सबै मात्रा आउने गरी ६० ओटा वर्णहरू	स्वर, व्यञ्जन र मात्राको शुद्धसँग पहिचान गर्न	एक मिनेट
३	संयुक्त वर्ण (आधा अक्षर) प्रयोग भएको शब्दका पठन	पाँच गुणा पाँचको तालिकामा २५ ओटा चार अक्षरी (Syllabic) सम्मका शब्दहरू	संयुक्त वर्ण (आधा अक्षर) भएका शब्दको शुद्धसँग उच्चारण गर्न	एक मिनेट
४	निरर्थक शब्द पहिचान	पाँच गुणा पाँचको तालिकामा २५ ओटा दुईदेखि चार अक्षरी (Syllabic) बेअर्थी शब्दहरू	बाह्रखरीको विसङ्केतन गरी शुद्धसँग पढ्ने	एक मिनेट

क्र.स.	उपकार्य	विषयवस्तु (कक्षा दुई र तीन)	Descriptors	समय
५.१	अनुच्छेदको सस्वर पठन	सात शब्दसम्मका वाक्य भएका साठी शब्दको कक्षा स्तरको अनुच्छेद	पठन गतिको मापन गर्न	एक मिनेट
५.२	पठनबोध	अनुच्छेदको सस्वर पठनको आधारमा प्रश्नहरू	पठनबोधको मापन गर्न	समयको सिमा नलाग्ने
६	चित्र वर्णन	कक्षा स्तरको चित्र दिई सोको परिवेशका आधारमा अवस्था झल्काउने, अनुमान वा कल्पना गर्ने प्रश्नहरू	दृश्य बोधको मापन गर्न	एक मिनेट पठनको निम्ति र बोधको निम्ति समयको सिमा नलाग्ने

स्रोत : प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा २०८१

तालिका ५

प्रारम्भिक कक्षा पठन तथा सिप परीक्षण (CB-EGRA –Classroom Based Early Grade Reading Assessment)

शब्द पहिचान	सुनेका आधारमा सग्ला अक्षर, आधा अक्षर र मात्रा प्रयोग भएका समान संरचनाका चार तहमा शब्द पहिचान	सुनेका आधारमा दिइएका शब्दहरूबाट सही शब्द पहिचान गर्न
(क) शब्द निर्माण	वर्ण थपेर, वर्ण झिकेर तथा शब्द जोडेर नयाँ शब्द निर्माण	दुईदेखि चार अक्षरसम्मका नयाँ शब्द निर्माण गर्न
(ख) वाक्यमा शब्द छुट्याउने	तीनदेखि पाँच शब्दसम्मको सान्दर्भिक वाक्य निर्माण	वाक्यमा जोडिएका शब्द छुट्याई सही वाक्य निर्माण गर्न
शब्द भण्डार	दिइएका शब्दको पर्यायवाची, विपरीतार्थी, अनुकरणात्मक र अनेकार्थी शब्दको पहिचान	शब्दको पहिचान गर्न
श्रुतिलेखन	चारओटा शब्द र तीनदेखि पाँच शब्दसम्मको एक वाक्य सुनाई श्रुतिलेखन	सुनाइएका शब्द र वाक्य शुद्धसँग लेखन गर्न
पठनबोध	६० शब्दसम्मको कक्षा स्तरको अनुच्छेद दिई पाँचओटा प्रश्नोत्तर	अनुच्छेदमा आधारित प्रश्नको उत्तर दिन
अनुच्छेद लेखन	स्तरअनुसारको चित्र वा शीर्षक दिई फरक सूचना दिने पाँच वाक्य लेखन	फरक सूचना दिने पाँच वाक्य लेखन गर्न

स्रोत : प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा २०८१

परीक्षण साधन प्रयोगको अनुमतिसम्बन्धी व्यवस्था

प्रारम्भिक कक्षा १-३ का लागि तयार गरिएको EGRA, EGMA and CB-EGRA परीक्षण साधन प्रयोग गर्न चाहने सरकारी तथा गैर सरकारी एवम् दातृ निकायहरूले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट अनुमति लिनुपर्नेछ। विकसित ढाँचा (Framework) मा आधारित भई परीक्षण सञ्चालन गर्नुपर्ने छ। परीक्षण सञ्चालन गर्ने परीक्षकहरूलाई तालिम दिने र तथ्याङ्क सङ्कलन गर्ने कार्यमा यस केन्द्रको प्रत्यक्ष सहभागिता हुनेछ। यी सम्पूर्ण कार्यका लागि सम्बन्धित संस्था वा निकायले शैक्षिक गुणस्तर परीणक्ष केन्द्रको अनुमति लिनु अनिवार्य हुने छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुमति बिना गरिएका परीक्षण नतिजालाई नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मान्यता प्रदान गर्ने छैन।

परीक्षण सञ्चालनमा विभिन्न निकायको भूमिका

प्रारम्भिक कक्षा १-३ का लागि तयार गरिएका पढाइ तथा गणितीय सिप परीक्षण सञ्चालनका दौरानमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्रदेश तहमा रहेको शिक्षा हेर्ने मन्त्रालय, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालय साथै परीक्षक स्वयम् आफैको पनि महत्वपूर्ण भूमिका हुन्छ। परीक्षण कार्यको नजिकबाट हेर्न र तत्काल रचनात्मक पृष्ठपोषण प्रदान गर्न अनुगमन कर्ताको पनि महत्वपूर्ण भूमिका हुन्छ। परीक्षणको गुणस्तरीयता कायम गर्न सकिएन भने पक्कै पनि गलत योजना तथा कार्यक्रम बन्न जाने हुनाले यी विभिन्न तहमा काम गर्ने निकाय तथा व्यक्तिहरूले गुणस्तर सुनिश्चित गर्नको लागि आआफ्नो स्तरबाट इमान्दारिताका साथ भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

परीक्षण सञ्चालनमा अनुभव गरिएका केही पेचिला सवालहरू

यस केन्द्रले लामो समय देखि परीक्षण गर्न खोजिएको गणितीय सिप परीक्षणलाई संस्थागत गर्न सकेको छ। प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण सम्बन्धमा देश भित्र र बाहिरको समुदायले चासो राख्ने खालका Framework, साधन, तथ्याङ्क एवम् सबै उत्साहजनक अनुभवलाई भावी दिनमा पनि उर्जा (Energy) का रूपमा आत्मसाथ गरिनेछ तर काम गर्दागर्दै विभिन्न कठिनाइ अवरोध अभाव सहितका निराशाहरू पनि अनुभव गरिएको छ। Early Grade Learning कार्यक्रमको Baseline study गर्दा अनुभव गरिएका केहि सवाल तथा मुद्दाहरूलाई निम्न बुँदामा सङ्क्षेपीकरण गर्ने प्रयास गरिएको छ।

- स्थानीय भाषा वा भाषिकालाई स्विकार्नुपर्छ ?
- अभिव्यक्तिको आशय बुझे पुग्छ ?
- प्रचलनलाई मान्यता दिनुपर्छ ?
- उच्चारणमा रहेका भिन्न प्रवृत्तिलाई मान्नुपर्छ ?
- स्थानीय भाषिक क्षेत्रका परीक्षक हुनुपर्छ ?

प्रारम्भिक कक्षा पढाइ सिप परीक्षण (EGRA) को आधारसूचक (Benchmark)

पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा सन् २०१७ मा प्रति मिनेट कति शुद्ध शब्द पढ्नुपर्ने हो र सो पठनवेग सित कति प्रतिशत बोध समेत हुनु पर्ने हो भनि पहिलो पटक तालिका अनुसार को आधारसूचक (Benchmark) तयार भएको थियो।

तालिका ४

सन् २०१७ को आधारसूचक(Benchmark)

क्र. सं.	विवरण	कक्षा १-३
१	पठन प्रवाह शुद्ध शब्द प्रति मिनेट (ORF)	४५ शब्द
२	पठन बोध प्रतिशत	८० प्रतिशत

पठनबोध हुनलाई पठन गति छिटो हुनुपर्छ । पढाइमा अड्कियो भने पहिले पढेका कुरा विर्सदै जाने हुन्छ । गाह्रो विषयवस्तु छ भने पठन गति मन्द हुँदै जान्छ साथै बोध क्षमता पनि कमजोर हुन्छ । त्यसकारण पठन गति र पठनबोधमा सम्बन्ध रहेको हुन्छ । त्यसैले प्रारम्भिक कक्षाम पठन गतिलाई जोड दिनुपर्ने हुन्छ । यदि कुनै प्रारम्भिक कक्षाको विद्यार्थीले ६० शब्दको एउटा अनुच्छेदबाट न्यूनतम ४५ शब्द प्रति मिनेट पठन गरी सोही अनुच्छेदबाट ८० प्रतिशत बोध समेत गरे भने तिनलाई प्रवीण पाठक (Proficient Reader) भनिन्छ ।

आधारसूचक (Benchmark) मा पुनरवलोकन

सन् २०१७ मा बनेको आधारसूचक (Benchmark) को प्रयोग गरी प्रारम्भिक कक्षा १-३ मा अध्ययनरत सबै बालबालिकाको पठन गति र पठनबोध हेर्ने गरिन्थ्यो । जसमा कक्षा १,२ र ३ लाई ४५ शुद्ध शब्द प्रति मिनेट पठन प्रवाह र ८० प्रतिशत बोध हुनुपर्ने भनिएको थियो । यसले निर्धारित सिमा पार गर्ने कति र नगर्ने कति भए भन्ने मात्र बताउँदथ्यो । सिमा (४५ शुद्ध शब्द ORF र ८० प्रतिशत बोध) पार गर्ने त सक्षम भए तर सिमा पार नगर्ने कति तल छन् ? Pre Basic मा कति परे, Basic मा कति परे, Proficient मा कति पुगे र Advanced level मा पुगे कि पुगेनन् अवस्था के छ त? भनि थाहा पाउने स्थिति नभएकाले सन् २०१७ मा तयार गरेको आधारसूचक (Benchmark) सन् २०२२ मा पुन पुनरवलोकन गरियो जुन तलको तालिकामा दिइएको छ ।

तालिका ५

आधारसूचक (Benchmark) - वि. स.२०७९

पठन तत्त्वहरू	पूर्व-आधारभूत	आधारभूत	प्रवीण	उच्च
कक्षा १				
पठन प्रवाह (ORF-cwpm/ शब्द प्रतिमिनेट शुद्धसँग उच्चारण)	१५भन्दा कम	१५ देखि २५ भन्दा मुनि	२५ देखि ३५ भन्दा मुनि	३५ वा सोभन्दामाथि
बोध (% correct response)	२० भन्दा कम	२० देखि ४० भन्दा मुनि	४० देखि ६० भन्दा मुनि	६० वा सोभन्दा माथि
कक्षा २				
पठन प्रवाह (ORF-cwpm/ शब्द प्रतिमिनेट शुद्धसँग उच्चारण)	१५ भन्दा कम	१५ देखि३० भन्दा मुनि	३० देखि ४० भन्दा मुनि	४० वा सोभन्दा माथि
बोध (% correct response)	३० भन्दा कम	३० देखि ५० भन्दा मुनि	५० देखि ७० भन्दा मुनि	७० वा सोभन्दा माथि
कक्षा ३				
पठन प्रवाह (ORF-cwpm/शब्द प्रतिमिनेट शुद्धसँग उच्चारण)	२० भन्दा कम	२० देखि ३५ भन्दा मुनि	३५ देखि ४५ भन्दा मुनि	४५ वा सोभन्दा माथि

बोध (% correct response)	३० भन्दा कम	३० देखि ६० भन्दा मुनि	६० देखि ८० भन्दा मुनि	८० वा सोभन्दा माथि

स्रोत: आधारसूचक २०७९

भावी सम्भावित कार्यदिशा

प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण कार्य एउटा प्राविधिक र व्यवस्थित काम हो। यो काम गर्नका लागि विभिन्न चरणमा विभिन्न काम गर्नुपर्छ। पाठ्यक्रम विश्लेषण, Framework निर्माण, साधन विकास, साधनको पूर्व परीक्षण, साधन अन्तिमीकरण, परीक्षण सञ्चालन र तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखनसम्मका काम शैक्षिक गुणस्तर परीक्षण केन्द्र र केही निश्चित काम विज्ञ सेवा दिने बाहृय संस्थाबाट हुने गर्छ। यस्तो परीक्षणबाट प्रारम्भिक कक्षाका बालबालिकाको शैक्षिक उपलब्धि परीक्षण गर्न सजिलो भएको छ। यस उपलब्धि परीक्षण शैक्षिक प्रणालीकै एउटा महत्वपूर्ण कामको रूपमा स्थापना भएको छ। अन्तराष्ट्रियस्तरमा पनि प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप परीक्षणको अपरिहार्यताको महसुस गरिएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रारम्भिक कक्षाका बालबालिकाहरूको सिकाइ उपलब्धिको परीक्षण गर्दा देखिएका सीमिततालाई न्यून गर्दै अबका परीक्षणमा निम्नानुसारको सुधार गर्नुपर्ने देखिन्छ।

क) प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप सँग सम्बन्धित परीक्षणहरू हालसम्म सामुदायिक विद्यालयका प्रारम्भिक कक्षाहरूमा अध्ययन गर्ने बालबालिकामा मात्र परीक्षण गरिएको छ जसले गर्दा संस्थागत विद्यालयका प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ तथा गणितीय सिप कस्तो छ भनेर भन्न र सामुदायिक विद्यालयका बालबालिकासँग तुलना पनि गर्न सकिएको छैन त्यसकारण अब गरिने अध्ययनमा दुबैखाले विद्यालयका बालबालिकामा यो परीक्षण गरी राम्रा र सुधार गर्न पर्ने पक्ष के के हुन सक्छन् त्यसमा अध्ययन विश्लेषण गरी तुलनात्मक रूपमा सुधारका कार्यक्रम राख्नुपर्ने देखिन्छ।

ख) प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण प्रक्रियागत रूपले हेर्दा धेरै महङ्गो हुने हुँदा दुर्गम क्षेत्रमा रहेका र साना विद्यालयहरू नमुनामा नपर्ने सम्भावना बढी हुन्छ त्यसकारण अब गरिने परीक्षणहरूमा त्यस्ता खालका विद्यालयहरूका बालबालिकाहरूलाई समेट्ने गरी परीक्षण गर्ने स्रोत व्यवस्थापन गरिनुपर्ने देखिन्छ।

ग) विभिन्न समयमा गरिएका साथै विभिन्न विकास साझेदार निकायहरू मार्फत् आएका EGRA र EGMA परीक्षणहरूबाट निकालिएका प्रतिवेदनहरूलाई एकिकृत गर्न र ती प्रतिवेदनहरूले सुझाएका प्रमाणमा आधारित सुझाव र सूचनाहरूलाई व्यापक प्रबोधीकरण गर्नुपर्ने देखिन्छ। जसले गर्दा तीन तहकै सरकारको नीति निर्माता, योजना निर्माण एवम् यस क्षेत्रका प्राविधक र सरोकारवालाहरूबाट प्रयोग गर्ने अवस्थाको यकिन अर्थात सुनिश्चितता हुनु पर्ने देखिन्छ।

घ) प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण गर्दा बाहृय परीक्षकबाट गरिनेहुँदा परीक्षणमा विश्वसनियता हुने कुरामा ढुक्क भइन्छ तर पेपर पेन्सिल टेस्ट परीक्षण गरिँदा भने समय व्यवस्थापन, उत्तर पुस्तिका परीक्षण गरी तथ्याङ्क विकास गर्दा भने समस्या आउन सक्ने देखिन्छ। त्यसलाई व्यवस्थापन गर्न सकेसम्म एप मार्फत परीक्षण गरियो भने यी समस्या नआउने देखिन्छ।

ङ) केहि सामुदायिक विद्यालयको प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिप सम्बन्धि उपलब्धि राम्रो भएता पनि ती राम्रा गर्ने विद्यालयका राम्रा अभ्यास र सिकाइलाई अन्य कमजोर विद्यालयहरूले प्रयोगमा ल्याउनुपर्ने देखिन्छ।

च) विभिन्न समयमा सञ्चालित परियोजनाहरू मार्फत् सञ्चालन भएका उपलब्धि परीक्षणहरू कार्यक्रम लागु भएका जिल्लामा मात्र प्रयोग गरिएको पाइन्छ भने कुनै कुनै परियोजनाले भने त्यस्ता परीक्षण परियोजना लागू

भएका र नभएका केहि जिल्लामा तुलना गर्न तथा परियोजनाको प्रभाव अध्ययनका लागि गरेको पाइन्छ। त्यसकारण अब यी परीक्षणलाई राष्ट्रियस्तरमा नै NASA जसरी गर्न नितान्त आवश्यक देखिन्छ।

छ) प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण गर्दा परीक्षकबाट स्पष्ट निर्देशन भएन भने परीक्षणको नतिजा निकै तल माथि हुन जान्छ त्यसकारण स्पष्ट निर्देशन सहित गुणस्तरीय तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने गरि अनुसन्धनात्मक कार्य गर्नु पर्ने आवश्यकता देखिन्छ।

ज) गरिएका परीक्षणहरूले दिएका सुझाबहरू कार्यान्वयन नहुने हो भने परीक्षणको कुनै अर्थ हुँदैन त्यसकारण बालबालिकालाई विद्यालयमा सिकाउनु, परीक्षण गर्नु र परीक्षणबाट आएका सुझावहरूलाई कार्यान्वयनमा लैजान तीनै तहका सरकारको कार्यक्षेत्र भित्र पर्ने हुनाले यस्ता परीक्षणको गाम्भिर्यतालाई बुझ्नुपर्ने देखिन्छ।

झ) प्रारम्भिक कक्षाका बालबालिकाहरूको पढाइ सिप परीक्षणबाट आएको नतिजाका आधारमा कति विद्यार्थी कुन तहमा परे भनेर हेर्नको लागि सन् २०२२ मा कक्षा १-३ लागि छुट्टाछुट्टै कक्षा अनुसारको पठन गति र पठन बोध हेर्न सक्ने गरि आधारसूचक (Benchmark) तयार गरियो। यस सूचकले निर्धारित सिमा पार गर्ने र नगर्ने कति भए भनेर मात्रा बताउँछ। जसले सिमा पार गरे ती त सक्षमभित्र परे भने जसले सिमा पार गर्दैनन् ती कति छन् र कुन तहमा छन् साथै त्यस्तालाई कस्तो रणनीति अख्तियार गर्ने भन्ने स्पष्ट दिशानिर्देश गर्दछ। यस्तो आधारसूचक गणितीय सिप परीक्षणको नतिजालाई तुलना गर्न पनि बनाउन आवश्यक देखिन्छ। अब शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रारम्भिक कक्षाको गणितीय सिप परीक्षण आधारसूचक (Benchmark) बनाउने नेतृत्व गर्नुपर्ने देखिन्छ।

ञ) प्रारम्भिक कक्षामा अध्ययन गर्ने अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई हाल विकास गरिएका प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण साधनबाट परीक्षण गर्न नसकिने भएको हुँदा त्यस्ता बालबालिकाको सिकाइस्तर तथा उपलब्धि परीक्षण गर्नका लागि आवश्यकतानुसारको छुट्टै परीक्षण साधन र परीक्षक तयार गरी त्यस्ता बालबालिकालाई पनि परीक्षणमा समावेश गर्नुपर्ने देखिन्छ।

ट) प्रारम्भिक कक्षाका साना बालबालिकाहरूमा साथी, शिक्षक तथा आफूभन्दा ठूला व्यक्तिद्वारा दुर्व्यवहार वा हेपाइ हुने गरेको पाईएको छ। उपनाम दिने वा निकनेम राख्ने, होच्याउने, पिट्ने आदि जस्ता हेपाइ सहनु परेको कुरा अध्ययनहरूबाट देखिएको छ (NASA Report-2018)। त्यस्ता हेपाइ भोग्नु परेका बालबालिकाको पढाइ तथा गणितीय सिप पनि हेपाइ नभोग्नेको भन्दा निकै कमजोर पाईएको छ। त्यसैले प्रारम्भिक कक्षाका बालबालिका खुशिसात विद्यालय जाने र बालमैत्री वातावरणमा सिक्न पाउने अवस्थाको सुनिश्चितता सबै जिम्मेवार व्यक्तिद्वारा गर्नुपर्ने देखिन्छ।

ठ) यस केन्द्र लगायत प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण सञ्चालन गर्ने विभिन्न संघ संस्थाहरूले पनि समयमा नै परीक्षण प्रतिवेदनहरू तयार गर्ने र सो को प्रबोधीकरण समयमा नै सम्बन्धित सरोकारवालाहरूलाई गर्नुपर्ने देखिन्छ। यस्तो प्रचारप्रसारमा सबै खाले माध्यमको प्रयोग गरी औपचारिक एवम् अनौपचारिक रुपमा सबैमाझ मुल सन्देश पुऱ्याउनुपर्ने देखिन्छ।

निष्कर्ष

प्रारम्भिक कक्षा (१-३) भनेको सिकाइको आधार (Foundation) हो। यतिवेलाको सिकाइले भविष्यको सिकाइलाई निर्देशित गर्दछ। त्यसकारण यी कक्षाहरूमा बालबालिकाको सिकाइस्तर पहिचान गरि पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हाँसिल भए वा भएनन् भनी वस्तुगत मूल्याङ्कन गरि विश्वसनीय सूचनाहरू दिने काम यस प्रकारका परीक्षणले गर्छ। तिनै सूचनाका आधारमा सुधारका लागि कस्त रणनीतिहरू अवलम्बन गर्ने, कस्ता कार्यक्रम कुन तह सम्म पुर्याउने, भन्ने कुराको दिशानिर्देश हुन यस्ता परीक्षणबाट थाहा हुने भएकाले अन्तर्राष्ट्रिय स्तरमा पनि यस प्रकारका परीक्षणलाई महत्व दिइएको पाइन्छ। सिकाइ उपलब्धि परीक्षणका नतिजाका आधारमा विकसित मुलुकहरूले

आफ्ना शैक्षिकस्तरमा निकै सुधार गरेको पाइन्छ । त्यसकारण हाम्रो मुलुकका तीन तहकै सरकारले विद्यालय तहमा पनि प्रारम्भिक कक्षाहरूको शैक्षिकस्तर उकास्नका लागि यस्ता परीक्षणहरूबाट प्राप्त सूचनाहरूलाई नीति निर्माण योजना र कार्यक्रम तर्जुमा गर्ने क्रममा अधिकतम उपयोग गर्न आवश्यक देखिन्छ ।

References

Government of Nepal. (2011). Name of book/journal Central Bureau of Statistics (CBS).

Council of Europe. (2001). *Common European Framework of Reference for Languages: Learning, teaching, assessment – Companion volume.* Council of Europe.

Curriculum Development Center (CDC). (2017). *Early Grade Reading Benchmark* (text in Nepali). CDC.

CDC. (2019a). *Assessment guidelines for grades 1–3.* CDC.

CDC. (2019b). *Curriculum for basic education, grades 1–3.* CDC.

CDC. (2019c). *National curriculum framework, 2019* (text in Nepali) CDC.

Department of Education and Skills [Republic of Ireland]. (2011). *Literacy and numeracy for learning and life: The national strategy to improve literacy and numeracy among children and young people 2011–2020.* Government Publications. *https://assets.gov.ie/24521/9e0e6e3887454 197a1da1f9736c01557.pdf*

Education Review Office (ERO). (2022). *Education Review Journal*, 2022. Education Review Office.

ERO. (2023). *Education Review Journal*, 2023. Education Review Office.

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (शैगुपके), (२०८१), *प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा २०८१* (अप्रकासित), शैगुपके ।